## Taekwondo

सिक्किमका सञ्जय सुब्बा, अनीता सुब्बा र जितेन्द्र लिम्बूले थाइलेण्डको राजधानी ब्याङ्ककमा सातौं हीरोज अन्तरराष्ट्रिय ताइक्वाण्डो च्याम्पियनशिपमा भारतको प्रतिनिधित्व गरिरहेछन्। सिक्किम एमेज्यर ताइक्वाण्डो संगठनअनुसार हिजोदेखि शुरू भएको तीन दिवसीय यस प्रतियोगितामा सञ्जय सुब्बाले साठ्ठी किलोग्रामभन्दा कम भार वर्गको क्योरुङ्गी स्पर्धामा आफ्नो कौशल देखाउनेछन्। यसअतिरिक्त उनले मिक्सड टीम पुमसे स्पर्धामा पनि भाग लिनेछन्। यसैगरी अनीता सुब्बा र जितेन्द्र लिम्बूले मिक्सड टीम पुमसे स्पर्धा बाहेक युगल पुमसे स्पर्धामा पनि भाग लिनेछन्। हिजोदेखि शुरू भएको यो प्रतियोगिता भोली समापन हुनेछ।

प्रमुख प्रशिक्षक एवं संगठनका संस्थापक श्री त्रिलोक सुब्बाले सबैलाई सफलताको शुभकामना दिनुभएको छ। यो प्रतियोगिता विश्वभरिका शीर्ष ताइक्वाण्डो अभ्यासकर्ताहरूलाई एउटै ठाउँमा ल्याउने वृहत कार्यक्रम हो।

---------------------------------------X---------------------------------------

## CM Congratulates Bodybuilders

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पदक विजेता महिला खेलाड़ीहरू भाविका प्रधान र निमा डोमा तामाङलाई बधाई दिनुभएको छ। यी दुई खेलाड़ीहरू हालै इण्डोनेसियामा सम्पन्न छप्पनौं एसियाई बडिबिल्डिङ तथा फिजिक स्पोर्ट्स च्याम्पियनशिप 2024-मा रजत पदक जित्न सफल बनेका छन्।

Junior Women Model Physique-मा रजत पदक प्राप्त गर्न सफल भाविका प्रधानले Swimsuit Model Physique-मा दोस्रो स्थान प्राप्त गरेकी छन् भने खेलाड़ी Tamang-ले Senior Women's Model Physique-मा चौथो अनि Women's Swimsuit Model Physique-मा पाँचौं स्थान प्राप्त गरेकी छन्। मुख्यमन्त्रीले यी दुवै खेलाड़ीलाई आगामी भविष्यका निम्ति पनि शुभकामना दिनुभएको छ।

---------------------------------------X---------------------------------------

## PCS-JUS Gratitude

Press Club of Sikkim र Journalist Union of Sikkim-ले संयुक्त रूपमा पत्रकारहरूलाई पेन्सन योजना कार्यान्वयनका निम्ति मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ र राज्य सरकारप्रति आभार व्यक्त गरेको छ। यो योजनाको कार्यान्वयनका लागि बीस लाख रूपियाँको सहायता अनुदान राशि विस्तार गरिएको छ।

Press Club of Sikkim-का अध्यक्ष श्री भीम रावतले पेन्शन वितरणको मापदण्ड र दिशा-निर्देशमाथि प्रकाश पार्नुभयो, जसको कार्य सूचना एवं जनसम्पर्क (IPR) विभाग र PCS-द्वारा संयुक्त रूपमा गरिँदैछ। श्री रावतअनुसार पेन्शनको मापदण्ड ती अस्थायी पत्रकारहरूका निम्ति निर्धारित गरिएको छ, जसमा साठ्ठी वर्षको उमेर पार गरिसकेका अनि सिक्किममा बीस वर्षदेखि लगातार पत्रकारिता गरिरहेको हुनुपर्नेछ। यसका साथै लाभार्थीहरूका निम्ति पत्रकारको मान्यताको आवश्यकता र PCS-को सदस्यता महत्त्वपूर्ण छ। उहाँले पेन्सन कार्यान्वयनको अन्तिम निर्णय PCS-को वार्षिक साधारण सभापछि मात्र हुने पनि बताउनुभएको छ।

अध्यक्ष श्री रावतले पत्रकारको स्वास्थ्य बीमाको विषय स्वीकृत हुनका साथै बीमा कार्यान्वयनको प्रक्रिया शुरू भइसकेको पनि जानकारी दिनुभयो।

PCS-का कार्यकारीअनुसार डिजिटल मीडिया हाउसलाई IPR विभागसित जोड्ने काम पनि चाड़ै पूरा हुनेछ, जसका लागि नीति तयार भइसकेको छ।

यसका साथै PCS-ले आगामी सितम्बर महिनाको तेह्रदेखि पन्द्र तारिकसम्म सिक्किमका पत्रकारहरूका लागि तीन दिवसीय राष्ट्रिय कार्यशाला आयोजन गर्ने भएको छ। यस अवसरमा Journalist Union of Sikkim-का अध्यक्ष श्री सुजल प्रधान लगायत दुवै संस्थानका महासचिव र सांस्कृतिक सचिव उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

## PM Release Crop Verities

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, सरकार देशका कृषकहरूलाई सशक्त बनाउन समर्पित छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारतीय कृषि अनुसन्धान संस्थानमा एक सय नौं प्रकारका बाली फस्टाउने र जलवायु अनुकूल फसलहरू जारी गर्नुभयो। उहाँले अघि भन्नुभयो, मौसम अनुकुल र राम्रो उप्जनी हुने विभिन्न प्रकारको फसलले कृषकहरूको आयस्रोत वृद्धि हुनेछ। यसमा एक्सट प्रकारका फसलहरू छन्, जसमा खेतीका चौंतीस र बागवानीका सत्ताइसवटा सामेल छन्।

यस अवसरमा प्रधानमन्त्रीले किसानहरू र वैज्ञानिकहरूसित कुराकानी पनि गर्नुभयो। नयाँ प्रकारका बालीको बारेमा प्रधानमन्त्रीले भन्नुभयो, यसबाट कृषिमा मूल्यवर्धन हुनेछ। किसानहरूले नयाँ प्रकारको बालीबाट खर्चमा कमी आउने र पर्यावरणमा सकारात्मनक प्रभाव पर्ने बताएका छन्।

---------------------------------------X---------------------------------------

## Independence Football

अठतरौं स्वतन्त्रता दिवसको आकर्षणको रूपमा अहिले राज्यभरि स्वतन्त्रता दिवस खुल्ला फुटबल प्रतियोगिता भइरहेछ। यसअन्तर्गत यहाँको पाल्जर स्टेडियममा भएको आजको खेलमा विजय प्राप्त गर्दै खव्जल वेन्थर फुटबल क्लब, मिजोरमले सेमिफाइनलका निम्ति आफ्नो स्थान पक्का बनाएको छ। छोग्याल सर टाशी नामग्याल स्मृति स्वतन्त्रता दिवस फुटबल प्रतियोगिताअन्तर्गत आज भएको क्वार्टर फाइनल खेलमा यस टोलीको भिड़न्त गान्तोक हिमालयन स्पोर्टिङ क्लबसित भयो।

भोली हुने पहिलो सेमिफाइनल खेलमा Eleven Stars फुट्बल क्लब, असम र APF, नेपालको भिड़न्त हुनेछ।

यसैक्रममा पाकिममा भइरहेको खुल्ला फुटबल प्रतियोगिताअन्तर्गत आज खेलिएको क्वार्टर फाइनल खेलमा सिक्किम ड्रेगनले मृनाल फुटबल क्लब कलकत्तालाई पराजित गरेको छ।

यसअघि चौध वर्ष मुनिको पुरूष वर्गको खेलमा पाकिम सरकारी निम्न माध्यमिक विद्यालय PM श्री डिकलिङ वरिष्ठ माध्यमिक विद्यालयमाथि विजय हासिल गर्दै अघिल्लो चरणमा प्रवेश गर्न सफल बनेको छ।

---------------------------------------X---------------------------------------